

# मायाविनी सर्सी

लक्ष्मीप्रसाद देवकोटा

# मायाविनी सर्सी

(खण्डकाव्य)

लक्ष्मीप्रसाद देवकोटा

साहित्यरस

**साहित्यरस**

www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्धारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–

(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।

(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. २०२४

**ईपुस्तकको स्रोत**

*प्रकाशक* : नेपाली साहित्य घर

*संस्करण* : पहिलो २०२४

*ISBN* :

---

**About this ebook edition**

*Originally created as epub*

*Created* : 2026-07-26, 22:54:23 UTC

*Latest minor Correction* : 2026-07-26, 22:54:23 UTC

*Sahityaras ebook id* : 20260726225423

**Cover art**

*Circe*

Beatrice Offor, 1911

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्धारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नहुन अनुरोध छ।

# विषयसूची

*संपादकीय*

*प्रस्तुत खण्ड-काव्यउपर छोटो गनथन*

पहिलो खण्ड

दोस्रो खण्ड

तेस्रो खण्ड

चौथो खण्ड

पाँचौं खण्ड

# संपादकीय

प्रस्तुत पुस्तकको सम्पादन गर्दा सकभर यसलाई मूल पाण्डुलिपिकै अनुसार राख्ने प्रयत्न गरेको छु। परिवर्तन, परिवर्द्धन र संशोधन त्यही-त्यही ठाउँमा गरेको छु जहाँ-जहाँ साह्रै नै खाँचोपर्दो थियो। प्रथमतः मैले मात्रा-सम्बन्धी अशुद्धिहरूलाई सच्च्याउने प्रयत्न गरेको छु। त्यसपछि तालव्य शकारको अनावश्य प्रयोगलाई दूर गर्ने प्रयत्न गरेको छु, जस्तै- शूनीको सुनी। तेस्रो, शब्दहरू र हरफहरूको क्रममा पनि केही आवश्यक परिवर्तन ल्याएको छु, जुन क्रम-परिवर्तन बिना पंक्तिहरूलाई राम्ररी बुझ्न गाह्रो थियो। ठाउँ-ठाउँमा शब्द थप्नु पर्ने आवश्यकता बुझिएकोले सो धृष्टता पनि गरेको छु। पाठकहरूका सामुन्ने यी कुराहरू मैले क्षमा-याचनाका लागी अथवा तुजुक देखाउन तेर्स्याएको होइन, स्पष्टिकरण दिने आफ्नो कर्त्तव्य ठानेर निवेदन गरेको हुँ। रचनामा जहाँ-जहाँ ग्रीसेली र रोमनेली नाउँ आएका छन्, त्यहाँ-त्यहाँ तिनका बारे पाद-टिप्पणी दिएको छु। यसले पाठकहरूलाई मदत नै गर्नेछ भन्ने आशा गर्दै आफ्नो गनथन टुङ्ग्याउँछु।

**—मोहनराज शर्मा**

# प्रस्तुत खण्ड-काव्यउपर छोटो गनथन

'मयाविनी सर्सी' गद्य कवितामा लेखिएको पहिलो नेपाली खण्ड-काव्य हो। यस भनाइको तात्पर्य प्रस्तुत खण्डकाव्य नै नेपालीको पहिलो गद्य-कविता हो भन्ने होइन। नेपालीको सबभन्दा जेठो गद्य-कविता गोपालशरण सिंह 'नेपाली'ले लेखेको 'कल्पना' हो। 'नेपाली'लाई नेपालीमा गद्य-कविताको बान्की देखाउने श्रेय मात्र प्राप्त छ। त्यसलाई व्यापक रूपमा चलन गराउने र दिगो पार्ने श्रेय गोपालप्रसाद रिमाललाई छ। यी दुवै र गद्य-कवितालाई हुर्क्याउने अरू पनि समकालीन कविहरू मध्ये सबैले यस तरहको चानचुन कविता मात्र लेखेका छन्, त्यसलाई कुनै ठूलो काव्य-रूपमा अङ्गालेका छैनन्। देवकोटा नै प्रथम व्यक्ति हुन् जसले यसलाई चानचुन कविता बाहेक खण्डकाव्यमा पनि ठाउँ दिए। गद्य-कविताले यति ठूलो आयाम पाएको यो पहिलो मौका हो। समको 'चिसो चुल्हो' यसभन्दा निकै पछिको रचना हो।

यस खण्ड-काव्यको कथानक ग्रीसेली पुराणबाट लिइएको छ। यस कथालाई होमर र कीट्स जस्ता कविहरूले पनि आफ्नो काव्यको विषय बनाइ सकेका छन्। यी दुवै महाकविहरुको शैली, प्रस्तुतिकरण र शिल्प-विधानको केही छाप देवकोटामा अवश्य परेको छ, तर उनले सारा प्रभावलाई खारेर, आफ्नै तुल्याएर मात्र यस रचनामा प्रस्तुत गरेका छन्। ठाउँ-ठाउँमा त उनले मूल-कथाको प्रसंगलाई पनि बदलेर मौलिकता ल्याउने प्रयत्न गरेका छन्।

प्रस्तुत कृतिको कथानक कतै पनि अविच्छिन्न र असंवद्ध नभएकोले शिथिल हुन पाएको छैन। यस गुणलाई कुनै पनि प्रबन्ध-रचनाको महत्वपूर्ण विशेषता मान्नु पर्दछ।

देवकोटाले कथानकको उठान युलिसिसको जल-यात्राको मध्यबाट गरेका छन् र अन्त्य सर्सी प्रसंगमा गरेका छन्। कथानकका बीचमा कुनै पनि अवान्तर प्रसंग वा घटना टालिएको छैन। यसले गर्दा मूल-कथाको लीक कहीं पनि अलमलिएको छैन र पाठक वा अस्वादकको चाख पनि मर्न पाएको छैन।

देवकोटाले यसका पात्रहरूको जीवन्त (living) र गतिशील ( Dynamic) चित्रण गरेका छन्। प्रधान पुरुष-पात्र युलिसिसलाई उनले धीर, वीर, गंभीर, अविचलित र मायाजालमा नफँस्ने खालको देखाएका छन्। एक मात्र नारी-पात्र सर्सीको चित्रण उनले अत्यन्त कुशलतापूर्वक प्रस्तुत गरेका छन्। उसका दुवै विरोधी रूप—मोहक र राक्षसीय —लाई उनले एकै साथ चित्रित गरेका छन्। पशु-परिणित वीरहरूको चित्रण पनि उनले अत्यन्त रोचक तवरबाट गरेका छन्।

यस रचनामा देवकोटाको कल्पनाले सौम्य र खारिएको रूप लिएको छ। कतै पनि उनको कल्पना क्लिष्ट हुन पाएको छैन। अँ, कतै-कतै त्यसले स्वैर-कल्पना (Fantacy) को रूप लिन अवश्य खोजेको छ। जे होस्, साधारणतः उनको कल्पना सहज र सरल छ। पाठकहरूलाई त्यसको आस्वाद लिन विशेष तवरको चेष्टा गर्नु पर्दैन।

यस खण्डकाव्यको सबभन्दा ठूलो विशेषता विरोधी भावहरूद्वारा पाठकहरूका अन्तर्विरोधी भावनाहरूमा सामञ्जस्य ल्याउने प्रयत्न देखिन्छ। देवकोटाले दिएका देन मध्ये यो सबभन्दा महत्वपूर्ण देन हो। अब यसका केही उदाहरणहरू हेर्नोस्—

खतरा हो विलास मानवको,
X X X
तूफानमा भयो मङ्गल प्रस्थान

देवकोटाले आफ्ना अनेक भावहरूलाई सूत्रका रूपमा व्यक्त गरेका छन्। यी सूत्र वाक्यहरू खँदिला अवश्य छन्, तर दुरूह कुनै पनि छैनन्। केही सूत्र-वाक्यहरू हेर्नोस्—

यो प्रकृति हो तालीम-क्षेत्र,
X X X
गर्न खोज्नु, भेट्टाउन खोज्नु,
यही हो परमेश्वर;

भाषमा तत्समता र सामासिकताको प्रवृत्ति देखिन्छ। बडे-बडे तत्सम र सामासिक शब्दहरूका ठाउँमा देशज शब्दहरू राखिएको भए पनि रचनाको लय कायम नै रहने थियो। यो देवकोटाको ठूलो कमजोरी हो, जो उनले समकालीन साहित्यिक प्रवृत्तिबाट पाएका थिए। भाषामा ओज गुण भरिएको छ, तर माधुर्यको पनि राम्रो समन्वय भएको छ। यो देवकोटाको भाषाको आफ्नो विशेषता हो।

अहिलेसम्मको गनथनथका पुछारमा के भन्न करै लगेको छ भने देवकोटाले नेपाली साहित्यको सुकेको खोलोलाई भेल आउने नदी तुल्याए। साहित्यको यस अटूट सेवाले गर्दा उनले नेपाली साहित्यकाशमा महत्वपूर्ण ठाउँ ओगटेका छन्। हाम्रो साहित्यका उनी वास्तविक महाकवि हुन् र उनका समस्त रचनाहरू युगान्तर ल्याउने साधन हुन्।

**१५-९-६७, वाराणसी।**

**संपादक।**

# पहिलो खण्ड

अश्मेल भेल,
पहाड-लहरी गुड्गुड् गर्छन्—
चुरिई फेनिल;
राष्ट्र ठाँटमा
बेरोक महोग्र नेप्चून[१] महादेव
चढ्दछ झंझा-तुरग।

(१)

मानौं कुनै महाबली सम्राट्,
विशाल सेना वीचिमय [२],
बाधक तट-रिपु बज्र-चट्टानहरूका
लहर तयार,
वक्षोन्नत, प्रतिज्ञ, हठी,
विरुद्ध लडाउँछ—
महाराष्ट्र बल-प्रदर्शक महावीर।

(२)

अथवा आध्यात्म गगनमा
वृत्ति-वीचिको उथल-पुथल सदृश शब्दायमान,
जब राष्ट्र आत्म-निर्णय पथमा
माग्छ हजारौं प्राण,
तब तरल भाव-लहर,
झंझा-राग,
कोलाहल गर्छन्—
बदल्दै दिनको इतिहास।

(३)

इन्द्रदेवको बज्रप्रहारक,
ज्वालामुखी राष्ट्र-प्रताप,
ऐरावत-घन दगुर्छ गगनमा,
अग्नि-कोर्रा बिजुली
झिल्मिल् गर्दछ,
जब अनुयायी बनेर यसका
देवहरू
झंझा-तुरगहरूमा कुद्दछन्-
हिन्हिन्;
आकाश तुमुल छ, तुमुल जल।

(४)

यो विशाल उथल-पुथलमा
तूफानको फेनिल हाँकले
ग्रेसियन महावीरको आत्मालाई
गर्दछ आकर्षक आह्वान;

के चाहन्छ मानव-आत्मा ?
विजय, झंझारोहण,
प्रकृतिको विशाल डाँकमा
आत्मबल प्रदर्शन !

(५)

ग्रेसियन महावीर !
हे वायुपुत्र आत्मा-प्राणधारी बेरोक !
तूफानको मोहिनी हेर;
शैशवदेखि आत्मा हेर्छ हुरी आकर्षित
वेगको सौख लिएर;
शान्त दिन जनानाखानाका कथा झैं छन् विलीन,
उग्र दिनमा छन् इतिहास—
हो यही झँझा स्कन्ध महावीरहरूको उल्लास।

(६)

भय !
यसैको विजय जीवन हो,
मृत्युको भूतसँग लड्नु जीवन;
प्रकृति-विजय आत्मदर्शन,
आत्म-प्राप्ति महाधन;
हामी देवहरू हुँ अवतरित,
के जल-राशी सक्छौं बन्न ?
हिंड, हाम्फालूँ वीर हो,
डग्मगाउँदा डुङ्गामा,
तूफानको महासागरमा।

(७)

आँधीको घोडा हाम्रो
वीरले लगाउँछ लगाम,
प्रकृति-विजय हाम्रो खेल,
निर्भयताको हाम्रो लगाम,
कातरताको अन्तिम निशाना
मेट्न जन्मियौं( ?) महापुरुष ;
यो जल प्रलयमा आरूढ बनौं महावीर,
हिंड, अविदित यात्रामा चलूँ।

(८)

शायद मृत्युले काल-गुहा झैं मुखबाई
निल्ला जलखाडीमा,
हामी परौंला विश्व-यात्रामा,
अविदित पथमा विधिको,
तर भाइहरू हो !
विशाल ध्येय नै
आफ्नो आफैं साधन हो।
स्वदेशका देवहरू[३] भेटौंला त्यहाँ,
जहाँ मृत्युञ्जय-आत्मा विशाल ध्येय ली
डुबुल्किन्छ आत्म-पथमा आत्म-विस्मृत।
हिंड, स्वदेशले पाउँछ हामीलाई
आत्म-समर्पित अपूर्व अन्वेषणमा
एक दिशामा अज्ञात,

अपूर्व ध्येयका पथमा।

(९)

सेरिइन् पृथिवी महतारी
पुष्पकेशी, हँसियाधारी, नागरथ-गामिन,
देवपुत्रहरूको तालीम गर्छिन् तिनी
अग्नि-शैयामा सुताई।
न डराऊ देव, आगो होऊ,
हामी देवात्मा हुँ अवतरित।
यो जल तूफान भयंकर छ,
भयंकर सामना नै जीवनको महासाधन,
वीरको क्षेत्र मिलन,
हिंड, तर्सिनु कायरता हो भाई!

(१०)

महाजल-प्रलय छ :
प्रलयजेता महावीर हो,
स्वजाति, स्वदेशका संरक्षक देव,
यो उथल-पुथलमा चढ;
महायुद्ध सँधै आउँदैन महावीर,
त्यस कारण—
देवहरू दिन्छन् प्रकृति प्रकोप।
यो मौका हो आत्म-तालीमको
हिंड वीर,
प्रकृति जित्न,
जीवनको तालीम लिन।

(११)

मर्न डराँउछ काथर,
मर्नको तयारी जान्नु हो परिपक्वता जीवनको,
जीवनको अन्तिम ज्ञान;
छिः, तर्सी जिउने मानिस होइन
घाँस-कीरा हो,
अथवा माटीकोरा चरा।

(१२)

के सुँगुरका खोरमा
बाँझ चपाई,
मकुंडी पुतलीको लहरा-बाहु
अल्छी गलामा हाली
कुहिनु, वीर?
के आत्म-शक्ति दमनको विलास-भवनमा;
पशु-मृत्यु खोजी,
रोगको शिकार र अन्न-कीट बनी
प्रकृतिको विशाल उग्र-भेलमा
एक पटक हाम् नफाली,
नचढी वीचि-पर्वत शिखर,
नपाइ खतराको स्नायु-रोमांच,
भयको रिक्त कालसँग
एउटा कुस्तीसम्म नखेली
कुहिनु, वीर?

(१३)

तब भन महावीर हो,
वरुण देवको जय, जय, जय !
हो, हो, हो, तूफान,
आ झंझा !
आ महाप्रलय जलामय,
महा उथल-पुथल,
उर्ली भेल अश्मेल—
चुरिई भयंकर सलिल विश्व !
हामी वीरहरू झंझा-स्कन्ध,
प्रलय-शक्ति आरूढ
अविदितको खोजीमा हिंड्छौं ।
"मृत्युंजय !"–
भन महावीर,
" महादेव जपितारको[४] जय, जय, जय !"

(१४)

यो प्रकृति शरीर हो,
यो भेल मन;
वीचि-धावित यी वारिवृषभको विजय
मानव आत्मा ।
हामी आत्म-प्राप्तिमा अविदित यात्री,
दूरान्वेषक महावीर,
चल्छौं-चल्छौं निडर ।

(१५)

हुम्-हुम्-हुम्-हुंकार,
हुंकार वीर,
चीसो मासु तताऊ,
उमाल हृदय,
आऊ, आऊ,
काट-काट तीरका डोरा,
नाता सब यस तर्फका कठोर
चक्कूले निर्भय।
हामी घरमा घर पाउन्नौं,
स्वदेशमा देश;
विश्व यात्रामा पाइन्छ आत्माको
घर र स्वदेश।
काट, काट रे बन्धन!
डग्मग् डुङ्गा, डग्मग् डुङ्गा
खियाउँछौं प्रलयमा
भयरहित
हामी स्वदेशका भाग्य-खेवैया आत्मवीर।
तान, लुला मसल तान,
खींच, उठाऊ निर्भय प्राण,
हुंकार आँधीमा रणवीर!
यो प्रकृति हो तालीम-क्षेत्र,
यो वीर आत्मालाई हाँक,
हामी अन्वेषणमा चल्छौं
स्वीकार गरी प्रकृति-आह्वान।

(१६)

घरमा स्त्रीहरू रोलान् बादल झैं,
शिशु तर्सलान् पत्रसरी,
अँध्यारोले छोप्ला वरीपरी मुखभरी,
संझना-नागीनीले डस्ली
आगोकी बिजुली सरी,
तर महावीरको आत्मा
बस्दैन घर,
अनन्तपथी वीर देख्दछ सपना दूर, दूरको,
स्वप्निल पंखमा चल्दछ पर, पर।

(१७)

ध्येय नै बाटो हो महावीर,
विशाल ध्येय हो आत्म-पथ;
नजितौंला अरू देश,
नपाउँला एक नवीन देश,
तर यात्रा नै स्वधन हो,
भावना नै महाधन हो,
प्रस्थान नै युद्ध-विजय।
चल, न संझ घर-नाता,
वीर, जीवन साध, साध
निर्भय, निर्भय।

(१८)

हो, महादेव जपितार ज्वालामुखी,
हो, वरुण वीचि-तुरग,

हो, बज्रधार,
हो, नागलगुड मरकरी[५],
हो, डियाना[६] कुमारी वीरसहायिनी,
हो, प्रकृतिस्थ अधिष्ठाता गणदेव,
भर, भर, स्वर्गको आगो
जीवन स्नायुमा—
मंगलं, मंगलं, मंगलम् ।
हो, स्वर्गका ऐश्वर्यधार,
हो, मिनर्भा[७] सरस्वती वीणाधारिणी
महादेव मस्तिष्क उत्प्लुत,
भर जोश, भर जोश, भर जोश ।
हामी झंझा-स्कन्ध हुन्छौं महावीर,
प्रलयारूढ—
वीचि-तुरग, घन-ऐन्द्रावत;
यस क्षण
यो नाउ वरीपरी आऊ, बस ।
हे देवगण,
यात्रामा अगाडी बढाऊ !

(१९)

महावीरका शब्दहरू जोशीला
हृदयोत्तेजक झंझउपर घन्के,
सन्के ग्रीकहरु महावीर,
आँखा दन्के,
झन्के शस्त्र, फफन्के हतियार,

बजे ठोक्रा,
हुंकार गरी जल-हुरी विरुद्ध—
वीर बसे डुङ्गामा
पक्री खेवा,
छाती उचाली, मसल फुलाई,
केश समाली, कटी बाँधी।

(२०)

हुँइ, हुँइ, हुँइ, हुँइ,
हुन्न, हुन्न भन्थ्यो हावा
चट्टानहरुसँग लड्दै उग्र भेलले कंपित;
घनका आच्छादनमा चुनरी पर्थ्यो
वीचि-बेलन अनुसार,
चट्किन्थे चट्टान चट्चट्;
अंश स्फुटित-सलिल- शक्तिको उन्माद
भर्थ्यो वन, पहरा, ग्रीसियन पर्वत श्रेणी;
द्वीप-पुंज बहुल ग्रेसियन जलधिमा
फेन-राशि प्रचुर
झंझाहत मकर-छाल उर्लिन्थे उग्र—
गड्, गड्, गड्,
डुङ्गा डग्मग्-डग्मग् काँपी
प्रस्थान गर्‍यो विशाल जल-यात्रामा।

(२१)

हुरी-गान गाए महावीरहरूले :
"हो! हो! हो! हो! अतिचारी, महावेगी,

अदृश्य प्रकुपित प्रवात,
वायुदेव !
महोग्र, अनन्तवली, महाक्रोधी,
वृक्ष-प्रभंजक, शाखा-ध्वंसक,
अनन्त दल संहारक,
सागरोच्चालक, पर्वत-सपत्न, महावीर वायुदेव !
धनवाहक, शिखरोन्मादक,
गगन-प्रघोषी, महाधावक,
मनोवेग सदृश भस्मदेह,
महाप्राण !
वीचि-जग कर्षक,
बारंबार प्रकृति कुँद्ने,
दिन-संचालक,
महातेजी,
डुङ्गा बढाऊ सागरमा
दिई उग्र वल बाहुमा हाम्रो !"

(२२)

रण-विलासी आत्मा मानव
शत्रुसँग गर्दछ शक्ति-प्रदर्शन,
लड्दछ प्रकृतिसाथ।
लड्नुनै जीवनको तालीम,
मृत्यु अँगाल्नु ध्येय-साफल्य जीवनको।
महावीरहरू प्रकृति-विजय विलासी
नाउमा लागे गाउन संगीत—
हर्षोद्गार जसरी श्रीकृष्णको प्रहर्ष-कुरुक्षेत्रमा

हुन गयो गीतामान।
आत्मशक्ति-प्रदर्शनको पिपासा प्रहर्षित हुन्छ
उथल-पुथलहरूमा;
देखाउन आफ्नो मान
तूफान विलासीहरू
झंझा-नादसँग ध्वनि मिलाई
गर्थे हर्षोद्गार।
झंझा पनि गाउँथ्यो,
जसरी गाउँछन् कवि
उग्र मस्तिष्कमा भरिएका
संघर्षित युगका भार!

(२३)

मानव-आत्मा प्रकृति-विजयी बन्नै पर्दछ—
यो ईश्वरको नियतिसार;
मृत्यु राखिदिए जीवन अंत—
त्रास हटाउन;
पूर्ण समाउन, पूर्ण बनाउन
आखिरकार जीवन खोज्दछ
मृत्यु खतरा!
तूफानको उग्र मोहिनीमा
महावीरको थियो विलास,
उग्रमुखी वीचिहरू बाइ आउँथे मुख,
शब्दायमान डुङ्गा डग्मग् हुन्थ्यो प्रतिक्षण,
मृत्युसँग खेली गीत गाउँथे
वीरहरू उत्तेजित प्राण।

(२४)

मृत्यु जितिन्न न हाँकी तूफान,
प्रलयमा नकुदी
रहन्न जातिप्राण।
उथल-पुथलको सामना देवत्व हो,
झंझा-स्कन्ध हुनु मानव-शान;
महा आमंत्रण जीवनको
अविदितको हो आह्वान;
खतरा हो विलास मानवको
अन्वेषणमा हराउनु उत्थान।

(२५)

जलमा कुद्दछ,
अग्निमा कुद्दछ,
कुद्दछ हावामा मानव;
आत्माको लज्जा, भय,
मृत्यु-त्रास अमृतमा,
पूर्णताको अपरिचय,
आत्म-शक्तिको अज्ञान—
महावीरहरू गाँउथे यही,
जब प्रलयोन्मादक हुन्थ्यो बाफिलो तूफान।

(२६)

ग्रेसियन तीरहरू दूर हटे
झर्दै गयो पर डुङ्गा,

वर्षा-कुहिराले डम्म अस्पष्ट सदन, पर्वत,
स्वप्न झैं अर्द्ध-विस्मृत
हुन लागे।
वीरहरूका उत्तेजित दिलमा
अविदितका उल्लास जागे।

(२७)

महावीर युलिसिसले[८] भने :
"भाइ हो! यही हो उग्रमा जीवन!
यही सच्चा आत्म-विलास!
के हामी ढुक्कुर बनूँ
गर्दै कुर्कुर् भाले-पोथी,
अथवा हरियो एकान्त गुँडमा सँधै
कुनै बतासे, कुनै खँदीला
फुल पारी-पारी,
प्रेमको चुचौली खेली-खेली?
छीः, जीवन महावीर हो,
जहाँ छ ढुक्कुर शान्ति!
जल-खोज कनिका-खोज
हररोज, हररोज,
घाँसमा लेटी गोठाले गीतमा
अल्छी नशा!
यो पो सच्चा जीवन तूफानमय,
शान्ति म भज्दिन
उग्र तूफान मेरो आत्माको रौस,

मेरो क्षेत्रको तजबीज।"

(२८)

"हेर, आकाश धूलिमय
कसले बढार्दछ?
कसले चिच्याटलाग्दो नीलो
र भयभीत शान्त गगनलाई
झपार्दछ?
कसले सड्दा दलहरू झार्दछ,
मकाइरहेका हाँगा झटार्दछ
र पखाल्दछ युग-जीवन?"

(२९)

"हामी चाहन्नौं घरेलू तृष्णा
गिलाँस, विलास;
हाम्रो सपनामा बन्दछ अर्कै संसार,
पहाडहरू गिज्याउँछन्,
शिखर हाँक्दछन्,
बादल हँस्सी उडाउँछन् शक्तिको।
त्यसले के देख्यो जो चढेन वीचि-पर्वत;
अल्छी मैदानदेखि थाकी,
देखी टाढा अर्को पार
उक्लेन निर्भय घन-संसार?
आलस्य आत्माको निद्रा हो,
कर्म्म हो उसको संसार।"

(३०)

"अविदितको आच्छादित मोहिनी उघार्नु
जीवन हो,
सागरको जल उल्लंघन गर्नु
जीवन हो,
तर तट-त्रस्त हुट्टिट्याउँ भैं
उत्तानो टाङ-पारी अकाश तर्नु
कीट बन्नु हो!
गगन-स्कन्ध पर्वत बन्नु उच्चता,
छाती खोल्नु तूफान अघि वीरता,
त्रास-विजय जीवनको वीरान्त।"

(३१)

"न थाक, न थाक, न थाक,
नशा चुडिन्छन् जीवनका!
मृत्यु आउँछ विजयपताका साथ,
ध्येयच्युत हुनु मूर्खको मकुंडे अनुहार!
लड, लड, अभीत वीर—
एक वस्तु फेला पर्दछ,
आत्माले छोड्दा शरीर!"

(३२)

"तूफान हाँक अनिरुद्ध[१] ग्रेसियन,
सागरको जोड चल्ला अन्ततक,
बीचमै यदि आए मृत्यु वीर-भक्षक
भर्ला आफ्नो पेट टन्न,

तापनि—
ज्वालामुखीमा बस्दछन् महेश्वर जपितार,
भेट्न महेश्वर पनि अग्नि छुनु छ,
तब यो त जलको प्रकोप मात्र वीर,
चल्नु छ यहाँ तालीम लिन।

(३३)

के डराउनु ग्रेसियन हुनु हो?
के मृत्यु-त्रस्त भयो कुनै ग्रीक वीर?
मृत्यु त हाम्रो जीवनको
देवहरू भेट्ने खेल मात्र हो।
ध्येय लिएर सुधीर
लौ भन भाइ हो,
के अल्छी शैयाभन्दा श्रेयस्कर
जलको उथल-पुथल
उत्तेजक, आनन्दमय विलास होइन?
यस मृत्यु निनादक जलमा,
निसर्ग शक्तिको उग्र खेलमा
लीला गर्न अवतरित
के हामी
—शक्तिका उल्लास धनी—
यहाँ देव नजीके छैनौं?

(३४)

तब हो, हो, हो, हे हुरी,
केवल अस्थिर मनको संकेत!

तब हो, हो, जल केवल अनुराग आन्दोलन,
हो, हो, प्रलयनाद,
शरीरधारी जीवनको
ध्वंस शब्दको तुच्छ प्रणाद!
आत्मा, आत्मा, हामी आत्मवान्,
आत्म-अन्वेषक प्रकृति-पथी,
हामी अमृत पुत्र देव वीर,
हामी मनोवेगका महारथी।
गुहा-निवासी साधु, ज्ञानीहरू पनि
प्रकृति विजयी वीर,
हामी तर कर्म्मक्षेत्रका
रणकुशल झंझाजेता मृत्युधीर।
बाह्य प्रकृति पनि आभ्यन्तरको
बुझ वीर ठोस प्रसार,
यसमा तालीम लिनु
सागरउपर तूफानी महावीरको तत्वसार!

(३५)

अहिल्यै डुङ्गा डुब्नु छ संभव
अथवा भोली,
अहिल्यै हामी जलले निलिनु
छैन असंभव,
मृत्यु प्रतिक्षण नाचिरहेछ लहर-लहरमा
उसंग खेल्नु विलास।
भर, भर, वीर हो निर्मय-निर्भय
चीसो हावामा तातो गिलाँस।

(३६)

सागर हो जीवन, महासागर विश्व,
अविदित यसको रहस्य,
मृत्यु छ एक नितान्त अवश्य,
अन्वेषण हो ज्ञान,
खतरा मोहिनी, आत्माको उल्लास।
जति-जति पर भयो घरदेखि भाइ,
उति-उति ज्ञानको भास;
फर्की हामी बताउँला जिज्ञासु श्रुतिमा सरल स्वदेशी
यात्राको इतिहास,
नसके बिलाए भन्नेछन् युगहरू,
हामी रहुँला अभाषित मृत्युञ्जय
अमुखर ज्ञानहरूका राश।

(३७)

महाद्वीपहरु होलान् कति-कति
महासागर पार,
विचित्रता कति, चमत्कृति कति,
कति, कति ज्ञानहरूका सार,
अविदित बोलाउँछ
पर, पर, अझ पर,
बीचमा ध्येयच्युत हुनु शठता-
जाउँ, जाउँ, नअडुँ, हिँडु,
सब नलागे नलागोस्,
लागोस् केही पत्ता।

(३८)

यस्तो असफल बेपत्ताको
प्रलय-पात्रमा
सबै किन जानु भनौला भाइ हो,
यसमा के आत्मगौरव ?
विशाल ध्येयनै विशाल अन्त हो,
शिखरपारी उड्नु प्वाँखको काम,
फर्फर गर्नु नै विश्व-शंख,
गर्न खोज्नु, भेट्टाउन खोज्नु,
यही हो परमेश्वर;
प्रकृतिसंग उग्रमा विजयी बन्नु
यही हो वीरको आत्मस्वर।
मृत्यु छँदैछ जीवनान्त,
साहसको हो तारीफ
अकृत, अजित, अज्ञात प्राप्ति,
वा अन्वेषण हो
उत्तम सिद्धान्त।

(३९)

खानलाई मत्स्यहरू छन्,
जललाई अर्क-यन्त्र,
रोगलाई देवहरूका मंत्र
खियाउनलाई बाहु,
वीरहरू हो, यो वीर विलास,
सागर यात्रामा नडराऊ।

(४०)

हुंकार तूफान सागरमा,
आत्माको बल डबलिन्छ;
बादलको घोष जिती गीत गाऊ,
मनको डर समालिन्छ;
सागरलाई भन—सामना, सामना !
अविजित यौटा त जितिन्छ।
नदेखिनेको बढाऊ दिदृक्षा,
आँखामा छवि हुन्छ;
घरजम बिर्स, महाध्येयी होऊ
कमजोरी बिर्सिन्छ,
मृत्युसँग लहर-लहरको डगमगमा खेल
देवता खुशी हुन्छन्,
यसरी तालीम गर वीर हो,
अविदितमा कूद
लिएर साथमा
यो सच्चा ग्रेसियन आत्मविलास,
महोद्देश्यमा भूल सुद्धी-बुद्धी।

(४१)

एक विशाल जल-फोहरा
उर्ल्यो धरहरा सरी,
पानी छरबर उच्च श्वासको
छर्हर्, छरहर त्यो जल-फोहरा
तूफानी, वेग धरी

भयंकर उल्र्यो समीप;
कालो चट्टान सदृश देखियो
महामत्स्यको तनद्वीप।
हस्ति-द्वार-चक्षु महामत्स्यको
पुच्छांशको एक उछाल,
डगमग पार्थ्यो सागर,
झंझाहत, झन् उत्ताल,
भयंकर साक्षात् समीप देखी
वीरहरु तर्से,
अँध्यारो छायो वदनमा अलि बेर,
कोही पुकारी बसे,
तर युलिसिसको गंभीर मुहार
चिन्ताहीन थियो।
महात्रासस्वरूप महामत्स्य त्यो
भाग्यवश तर्किगयो।

(४२)

लामो सास लिएर वीरहरुले
बहना पक्रे,
डुङ्गालाई बलले धकेले
अर्को दिशा तिर लाग्न
प्रकृत प्रेरणाले
महात्रासको बाटो छली।

(४३)

तर महापर्वत-वीचिको

शीर्षारूढ बनी
पानी अलिकति खाई ओर्लन्थ्यो
डुङ्गा बीच खाडीमा
घचक्क बसी।
डुब्छ कि, उब्छ कि क्षण-क्षण त्रास,
जलको घोर घमासान,
वीरहरू तर कटिबद्ध थिए,
अर्पित महाध्येयमा प्राण।

(४४)

पानी उबाइ, फ्याँकी बारंबार,
बहनाहरूले जल फारी,
महावीरहरु गाउँथे
तूफान गान भारी।

(४५)

युलिसिसले तब लिए करमा
अपोलो[१०] बीन–
तुंबायुत सुन्दर सुवर्णाङ्कित,
झंकार गरे झंझा-गीत,
वीरहरू सब गाउनथाले—
बराबर झोक्का दिइकन वीर भानको
बीच-बीचमा टङ्कार भर्दै।
संगीतमग्न वीरहरू
खतराको विस्मृति बीच परे।

(४६)

ज्यादै मुश्किलको समय भयो तब,
जब अन्धकार-मसी निशा
घन-केशिनी, आभूषणहीन
कृष्णांचलाले ढाकिन् चार दिशा;
चट्टानमय द्वीपमय सागरमा
खतरनाक रात!
वीरहरू निकै भयभीत रहे
स्तुति गाई जपितार महेशको,
वीर सहायिनी सरस्वतीको।
त्यस मुश्किलको समयमा
कोही संत्रस्त चंख कान, चंख चिराक,
कोही रहे ध्यानमग्न-अवाक्।

(४७)

१. ↑ रोमनेली वरुण देवता। यिनलाई दाह्री भएको र हातमा त्रिशूल लिएको चित्रित गरिन्छ। यिनको वाहन कहिले Dolphin माछो हुन्छ र कहिले Hippocampus पानी-घोडा।
२. ↑ समुद्रको छालको।
३. ↑ ग्रीसेली देवताहरू।
४. ↑ यो Jupitor को अपभ्रंश हो। यी रोमनेली पुराणका सर्वोच्च देवता हुन्। यिनी स्वर्गका स्वामी र प्रकाशका राजकुमार हुन्। यिनले मनुष्यको क्रियाकलाप र भविष्य संचालित गर्दछन्।

५. ↑ जूपिटरका पुत्र र दूत। यी विज्ञान र बेपारका देवता र यात्रीहरूका संरक्षक हुन्। यिनी चोर, ठग र अल्लारेहरूका पनि संरक्षक मानिएका छन्। यिनलाई नवयुवक, पखेटा भएको हैट र चप्पल लगाएको र हातमा सर्प बेरिएको लट्ठी समातेको देखाइन्छ।

६. ↑ प्राचीन रोमन देवी, जो एपोलोकी जम्ल्याहा बैनी हुन्। उनी चन्द्रमा र शिकारी देवी तथा स्त्रीहरूकी संरक्षिका मानिन्छिन्। परापूर्वकालमा उनी प्रकृतिकी देवीहरू र मातृशक्ति-प्रधान देवीहरूमा सबभन्दा ठूली ठानिन्थिन्।

७. ↑ यी बुद्धिकी देवी र कला तथा वाणिज्यकी संरक्षिका हुन्। यिनी युद्धको भयानक सोर मचाउँदै शस्त्रास्त्रले युक्त भएर जूपिटरका टाउकोबाट उत्पन्न भएकी थिइन्। यिनी तीन मुख्य रोमनेली देवतामध्ये एक हुन् (अरू दुई जूपिटर र जूनो हुन्)। यिनलाई श्रीपेंच भएको हैट लगाएको र गंभीर एवं राजसी मुद्रामा चित्रित गरिन्छ।

८. ↑ ग्रीकको स्यानो चट्टाने टापू इथाकाको पौराणिक शासक। होमेरको महाकाव्य 'इलियड' मा युलिसिसलाई ग्रीकहरूको सरदार चित्रित गरिएको छ। उनले आफ्नो अर्को महाकाव्य 'ओडिसी' मा उनलाई नायक बनाइएका छन्, जसमा उनलाई बुद्धिमान्, वक्ता र साहसिक देखाएका छन्।

९. ↑ स्वच्छन्द, बेरोक।

१०. ↑ ग्रीक र रोमका सूर्य देवता। यिनी संगीत र कविताका देवता हुन्।

# दोस्रो खण्ड

भोली पल्ट मिर्मिर् पछि
सुन उम्ल्यो पानीमा,
धौत गगनमा अनि
पूर्ण कनकको बाटुलो डल्लो
हच्किंदै उक्ल्यो माथि।

(१)

तब वीरहरूले अपोलो दिनकर देवको
गरे स्तुति–
नत जानु, नत मस्तक,
सुनौला जलको प्रशान्त टलपलउपर।

(२)

हे अक्षय्य युवक तेजोमय,
गगनपथी,
सुनपंखी समुद्रचरी,
अक्षर-तंत्री-वादक,
विश्वचक्षु नमस्कार–

जो सागर सदनबाट गगनोन्नत छौ
दिन नव-दिन संदेश!
'मेस्नन् इस्टाचु' जीव देहको किरण प्रहारले
पार्न झन्-झन् उज्यालो
यो अविदित यात्रामा हाम्रो
रक्षागर, हे भास्कर!

(३)

मुस्केका रवि छविमय
सुवर्ण-पुरुष हीरक द्युति बनी
सेतो रापमा धप्के।

(४)

एउटा टुक्रा बादल
एक्लो विशाल नीलमा
गृहत्यक्त, बन्धुविहीन, वंशच्युत
जल-जालका जीवन-रेखामा
डुङ्गा झैं
खेवैयाबिना बग्थ्यो नीरमा।
ग्रेसियन वीरहरूले हेरे त्यसलाई,
भास्कर भासित।

(५)

बोले युलिसिस—
"वीर हो,
झंझास्कन्ध, जलधिरूढ,

फिर्दछ समय यसरी,
जसरी निराश निशीथिनी तमोमयीले
ठाउँ छोड्दा बिउँझ्यो
सुवर्ण प्रभात—
आशामय उद्भासित!
हाम्रो डुङ्गा एक्लो महासागर नीरमा
मनको टुक्रा झैं
स्वदेशच्युत उत्रि रहेछ।
यो हुन सक्छ विलीन विशालमा
अथवा विशालकाय विशालाच्छादक।"

(६)

"आशा सदृश प्रभात
धौत संशय, तेजोस्फुर, सुन्दर उदित छ;
शान्त पवन,
सलिलस्थित सागर प्रकोपहीन
मार्ग दिन्छ समुज्वल, टलपल।
यो रजहाँस वीर नाउ
पंख सजीला फिँजारी
घच्चा बिना
तरलपथी चल्दछ
महाध्येयको डोरीउपर।
भन—
के सामुद्रिक विहग विचर्दछ
उडानमा
नीलो सागर सदृश गगन?

उसको विलास
उच्चाकांक्षाको ध्येय-धावन,
त्यस्तै हाम्रो जल-पथमा
आज छ शान्त गमन!"

(७)

"यस्ता दिनहरू धेर, धेर हुने छन्,
निर्मल आशा सुन्दर,
सजिलो सागर,
दिवा समुज्वल,
देवहरू हुन् प्रसन्न वदन!"

(८)

"झंझाहत जल-प्रलयबाट
यो आशातीत सुवर्ण-पंखी,
प्रभात विहग-हास दिन्छ सन्देश-
सहनु, नडग्नु, जित्नु,
पछि, पाइन्छ स्वर्गको उल्लास।
हामी बद्ध महावीरको आत्मा झैं
तूफान प्रकृतिको विजयगरी
मुक्त-पथमा विहसित चल्छौं
आजाद यात्री झैं आश भरी।"

(९)

"जल-लहर-रजत उल्लसित
चल्छन्,

छल्-छल् चल्छन्।
चाँदी हाँस्दछ,
हीरा हाँस्दछ,
हाम्रा आश सफल छन्।"

(१०)

"बढ, बढ निर्भय अब अघि वीर,
मार्ग तरल, सरल छ।
यही हो बल बाहुको प्रयोग गर्ने बेला,
यही हो बेला विजयको।"

(११)

"तूफानले प्रदर्शन गर्‍यो महाप्रकोपको,
हामीले गायौं मङ्गलगान;
तूफानमा भयो मङ्गल-प्रस्थान
ईश्वरभक्त झैं जग कोलाहलमा,
ज्ञान उदीयमान।"

(१२)

"अब यो शान्त जल-दशाको नियंत्रण गर
बाहुबल प्रदर्शित गरी,
बहनाको कलालाई सुधार
बढ अगाडि खूब जागी।"

(१३)

वीरहरू उत्साहित

बहनाको ठोकरले
जल प्रबल उछालसँग काटी–
छल्-छल्,
गीत गाई हर्षका
लागे खियाउन नाउ।

(१४)

दिनभर, दिनभर
पसीना काढी-काढी
द्रुतगतिले नाउ पुऱ्याए दूर,
साँझ पऱ्यो।

(१५)

बादलको पाश्चात्य सँघारमा
सविता देवले लाल रुमाल फिंजारी
मागे बिदा—
मन्द-मन्द आन्दोलित
जल-जालउपर।

(१६)

तब मल्लाहहरूले
सुस्केरा हाले,
विशालकाय बहनाउपर
पसीनाका विन्दु झल्ल झिल्के।

(१७)

अनि पूर्वमा सलिल विचुंविनी
निशीथकी रानी,
चाँदनी पीयूष-प्रभा
उदाइन् रजत-रश्मि
शीत संचार गरी,
तिमिरानुसार चहक भरी-
पूर्णबिंव, सस्मित।

(१८)

यस बेला शान्ति थियो-
आकाशमा, जलमा।
यो बेला थियो-
समुद्र चराले,
जसको छ नाम हल्सियन चरा,
सलिल उपर जलनीडमा फुल पार्ने;
र शान्त सलिलको
अकल्प धौत कौमुदीले भरिपूर्ण
सुन्दर उरको पवित्र भागमा
दाम्पत्य प्रेमको गुँड लगाउने।

(१९)

रंगीचंगी सुवर्णपंखी मत्स्यहरु
जलमा छचल्किन्थे कुल्कुल्,
जो हुन्थे–
चाँदनी पिपासु,
तेजी, निर्मल चक्षु,

र बाएको मुखले रसपान गर्दै
मृदुल हाँसो देखाउने।

(२०)

विहसित रजनी
रेशम पतली
आधि जसो ढल्किन्।
स्वर्गबाट
शान्त स्वप्न अचेत जादू
सलिलउपर भरी
सुते महावीरहरू थकित
उनलाई हेरी।

(२१)

शशि-किरणपथावतरिणी,
पुष्प कोमला, अम्लान स्पर्श,
कृष्णांचला,
शून्य सदनबाट
चित्रमय भ्रमकी कला-विकाशिनी,
पीडाकी मलम
अशब्द पदमा
जादूका औंलाले पलक स्पर्श गरी,
विदेश यात्रीका आत्मासँग
घरेलू खुस-खुस गर्न
निद्रा ओर्लिन्।

(२२)

# तेस्रो खण्ड

दिवा-निशि चक्र घुमी
धेरै मास बिते,
आखिर महाजल-मरुमा
थकित वीरहरू कल्पिन लागे–
स्थलाश्रय शीतल पाउन।

(१)

जताततै जल, जल, जल,
नीलो, नीलो सागर तल,
चिच्याहट दिनका, निशिका,
श्रम, उही श्रम-
ध्येयहीन, प्राप्ति रहित।
उत्साहहीन श्रान्त परिश्रमी यात्री
तिर्सन लागे पलपल।

(२)

सँधै विदेशमा बढ्दैन आत्मा अघि, अघि,
खोज्दछ स्वर्गलोक;
श्रान्त बन्दछ, अभिलाषा गर्दछ

टुङ्ग्याउन खोज्छ उडान।
चिच्याहटको मरु-पथमा
अति सहनशील पनि
खोज्दछ हरियो जलाशय,
एक पटक निदाउन, सुस्तिन
शीतलाउन तप्त प्राण।

(३)

योद्धाहरूले भने तब—
"बेकार, बेकार यतिको परिश्रम,
यो दीर्घ जल-पथ अनन्त,
न सिद्धियोस्, न प्राप्तिहोस् क्यै,
न लागोस् ध्येयको अन्त,
देह थकित, प्राण श्रान्त,
बीच जलधिमा पथभ्रान्त,
हामी कहाँ छौं—यति पनि छैन याद,
यो के को फसाद?
महावीर, हामी चाहन्छौं विश्राम
एक द्वीपाश्रम,
हरित जल-मरुमा स्वर्गलोक।"

(४)

युलिसिस महावीर उठी डाँटे
ती खस्किँदा जोशहरुलाई—
"के यही हो महावीरता,
महाध्येय-पथीको अविश्रान्त गमन?

के प्राप्तिनै महावस्तु हो ?
अथवा प्राप्त भएन केही अझ
यतिका अनुभवमा
मानव इतिहासोद्भासक ?
के यतिको लाभ होइन लाभ,
यति तालीम हो व्यर्थ ?
के भन्दछौ वीर हो,
के उच्चारण यो ?
न पाए आश्रय,
महाध्येयमा मृत्यु नै हो स्वर्ग !
किन डग्यौ,
किन यो जनाना क्रन्दन,
किन श्रान्त गलित प्राण ?
अनन्त शक्तिमान् महेश्वर
ज्योति दिंदैछन् जीवनको !"

(५)

"तै पनि वीर हो !
थाक्यौ-मान्दछु,
श्रान्त पथिक खोज्दछ आश्रय,
हुन्छ वीर हो,
प्रथम द्वीप-दर्शन हरित हुन्छ जहाँ
म दिनेछु अब विश्राम,
तर ध्येय न छाडी बढ, बढ, बढ, वीर हो
यो अविरल पथ हो, अविरत गति ।

(६)

यति उच्चारणका साथ
युलिससले गंभीर हेर्न लागे चारैतिर-
जल, जल, नीरजल,
देखिंदैनथ्यो हरित संकेत;
जलमय महामरु थियो
नुनीलो आँसु सदृश,
आश्रयहीन।

(७)

तर जब भोलीपल्ट डुबुल्किए,
कालो-कालो ढिस्को देखियो—
दूर, दूर सागरमा।
सशंक आशे वीरहरू झस्की उठे–
"ऊ त्यो के दूर, दूर?"
अनुमान गरे अनेक,
आखिर ठहरियो टापू;
सब सहर्ष लागे कम्मर कस्न
बहनामा दिए जोर।

(८)

ओ द्वीप,
ओ हर्षाश्रय!
हरिया ताडले पंखा हम्की रहेका उच्च गुगनलाई
पुष्पाच्छादित दूर सुवास,
स्फटिक तीर

सुन्दर एक विचित्रको द्वीप,
कुंजमय, विहग चुलबुलो,
कौमुदी कलकल,
दोलित वल्लरी कुड्मलस्तनी,
संगीतका लहर-लहरसँग
यात्रीहरूको आमंत्रक
आइ पुग्यो द्वीप।

(९)

रजहाँस सदृश ग्रेसियन नाउ
जल-तटमा आयो,
अग्रचंचुले तीर कोयट्‌याई
पंख त्यहाँ खुम्च्यायो;
बाँधे वीरहरुले तरु फेदमा डुङ्गा,
युलिसिस बसे संरक्षक
करवालहस्त
केही वीरसँग,
अरु देश विचार्न हिंडे।

(१०)

कलकल-कलकल मधुर चाँदनी
अमृतरश्मि कुंजभरी छर्‌बर्‌,
कुसुम कौमुदीमा प्रफुल्ल सुवासमय,
सजीव खिलखिल-खिलखिल;
मखमली शस्यका पथहरू भ्रामक—
पुष्पवाटिका रंग प्रबोधक

पुष्प-पथमा जादूमय आकर्षित,
चले चाँदनीले उद्दीपित
समुल्लसित शान्त वीर।
आखिर देखियो झिल्मिल्-झिल्मिल्—
स्फटिक-धवल शृङ्गारित दिव्य महल,
शिल्पसुन्दर कलामन्दिर,
नग्न-अप्सरा-चित्र विभूषित।

(११)

प्रांगणमा
उपवन प्रशंसी वीर अडे,
मधुर, मधुर, मधुरतम संगीत
सुवर्ण-तंत्री झंकार सुनेर अडे—
टक्क हृदय, श्वास स्तब्ध,
जादूमय उद्गारले आकर्षित :
कोही गाइरहेथ्यो भित्र।

(१२)

ओ हो माधुरी! ओ हो माधुरी!
शशी-किरण-वर्षा-शीतल,
पीयूषमय ती स्वर-लहरीसँग
गुँज्दथे कलकल, झिल्मिल्;
जादू बोल्थ्यो, जादू रुन्थ्यो,
जादू खिल-खिल;
विस्मृत-स्वप्न-प्रबोधक
विस्मृत-भाव-विवोधक,

अन्तरस्पर्शी,
पुष्पाधरमा स्फुटित कहीं।
कहीं कौमुदी समुल्लसित जलकल्लोल,
कतै वल्लरी-विन्दुमा भिल्मिल्,
ओहो जादूको विचित्र नाउ,
अपूर्व, अश्रुत, अकल्पित,
स्वप्नमय हुन्थ्यो वीरहरुमा
यात्राको याद।

(१३)

एक वीरले गायिकाको दर्शन-तृष्णाले उद्‌बुद्ध
अधीर उपानह भुइँमा ठोक्यो ठक्क,
टक्क संगीत अड्यो,
स्वर-लहरी बन्द भए–
जसरी एक त्रुटिले महायज्ञ हुन्छन् निष्फल।

(१४)

अनि आइन्! ओह आइन्! आइन्, आइन्!
उ आइन्, आइन्!
अप्सरा सर्सी[१]!
रेशमी नील सारी टलपल,
सितारा भलमल
लज्जा घुम्टोले
सशंक आच्छादित अर्द्धकेश
मृदु-लता लहरी,

तुहिन-भाल शशी धवल,
जिज्ञासु मोहिनी शिल्पित सजीव,
नील चोली उरोज संकेतक चित्रलेख,
फूलबुट्टे, बाँकटे मिठास,
सप्कोले एक पक्ष आच्छादित,
नग्न सुडोल बाहु मणिबंधित
सुन्दर औंलाहरू सलक्क,
ग्रेसियन मुहार, मुरली नाक हिसाबदार,
कलेजी अनार पल्लवाधर,
मुक्तादन्त,
कोणदर्शिनी सशङ्क,
सर्सी !
हाँसका फुलको रङ्गका पाउ,
ओहो ! दिव्य प्रदर्शन,
शृङ्गारमयी देवाभिसारिका,
अम्लान यौवना सर्सी,
दैलोमा खुट्टा राखेर हेर्दछिन्–
केही हाउभाउले तर्सी ।

(१५)

तर वीरहरूको उज्वल मुहार
प्रसन्न देखी
बढ्छिन् अगाडि अर्द्धस्मिता
बोल्दै—"जादू, जादू, धन्य !
ओहो ! आगन्तुकहरू विदेशी,
वीर सज्जन पाहुना,

सभ्य मुहार!
के हामी गर्न सक्तछौं क्षुद्र घरमा
दर्शकगणको अल्प सत्कार?"

(१६)

"म जान्दछु ग्रीस देशका वासी
सभ्य यात्री, दोष विहीन
यहाँ बराबर आउँछन्—
देश दर्शनेच्छु,
नाविक कला प्रवीण!"

(१७)

"ओहो! श्रान्त वीरहरू,
अतिशय भो पर्खाइ!
म अभागिनी बेहोशी
वीणामा भुली छु सव, हाइ!
पाल्नोस् सज्जनवृन्द,
मैं हुँ यस देशकी रानी,
सर्सी।"

(१८)

वीरहरू शब्द-शब्दमा आन्दोलित,
बढे अगाडि, अबोल
सर्सी कर्किन्,
कानको हीरा झल्क्यो झिल्मिल्
अनमोल इन्द्रेनी-रश्मि।

(१९)

"पाल्नोस् महावीरहरू दूरागत !"
मौन चले सब ग्रीक।
उनी अडिन् बीचमा
फूलदानको फूल टिप्न
अडे मौन सब ग्रीक।

(२०)

हात ठटाइन् कर-ध्वनिले
कताकताबाट आए फूल-माला,
झरे वीरहरूका गलामा—
बने सकल वदन उज्याला,
फुले वीरहरू फूलको स्पर्शले
करको स्पर्श मिले समान।
उनी मुस्काइन्—सब मुस्के,
गद्गद् भो सबै वीरको प्राण।

(२१)

सुन्दर महल, रोगन रंगीन,
चित्र-वल्लरी सज्जित,
इन्द्र झरे पनि पृथिवीतलमा
हुनु पर्ने लज्जित;
उड्न तयार परी-पंख, पुष्प-माल्य-हस्त
शिल्पित चित्रिका खंड,
मधुवास शीतल पवन मार्ग प्रकल्पित,

खोपी मनोहर छन्द
मोती मयूर, माणिक कुक्कुट,
पुष्पसेज मखमल बुट्टादार
कल्पित अनेकौं शृङ्गार—
धूलि शून्य,
अत्तर मग-मग,
दीपक जगमग,
तंत्री-वाद्यहरू वरपर,
मदिरा कांचन-प्याला,
वीरहरूले देखेका थिएनन्
यस्ता खोपी उज्याला।

(२२)

"बस्नोस्!"
सब मौन वीर बसे;
उनी के बिर्सेभैं उठ्छिन्,
सब वीर उठे;
"आम्मै!" नखरे आश्चर्य गरी फेरि बसिन्,
फेरि वीर बसे।

(२३)

बजाइन् तब उनले फेरि बीन,
अमृत नादमा प्रसार प्रवीण,
सब वीर भुले, मस्त भुले,
संगीत मोहनी लहरिन लाग्यो भाव-प्रकर्षक
सबका हृदय फुले,

मृगमय मन भो
खुली नाद-अधर,
वीर झुले मुग्ध !
हाँसिन् सर्सी कर्के नजरले
कहिले कहीं, कहिले कहीं
एक-एक वीरको हृदयस्पर्श गर्दै,
त्यो वीर मन-मन भन्थ्यो यत्ति—
"मउपर विशेष निगाह पऱ्यो
म भाग्यवान्, तेजी, समुत्कर्षी !"

(२४)

हात उठाइन् फेरि—
आए कांचन-प्याला उज्याला
रातो मदिरा भरिएको
आफैं हावामा भृत्यविना ।

(२५)

एक दृष्टि दिंदै घायल वीर उत्साहीले
बल्लतल्ल वाक्य फुटालेर सोध्यो—
"यो के महारानी !
बिना नोकर कुद्दछ
प्याला हावामा,
यो के जादू ?"

(२६)

"नोकरहरू !" उनी खिलखिल हाँसी भन्छिन्–

"पुरुष गन्हाउँछ जती सफा भए पनि,
जनाना केटी बिकम्मा हुन्छन्,
म असभ्यको गन्ध सुँघ्न चाहन्न,
बिग्रन्छ मेरो वातावरण,
तसर्थ यो मेरो वैज्ञानिक आविष्कार—
मन्त्र मुग्ध छ कोठा,
करतालीको इशारामा
सब वायु भृत्यहरू गर्छन् काम।"

(२७)

यति शब्द सुनी गद्‌गद् त्यो वीर रह्यो,
उसका नजरमा आसुँ बह्यो—
"कस्तो प्रताप? कत्रो विज्ञान?
म पुजारी बन्दछु नित्य!"
यत्ति भाव रह्यो।

(२८)

प्रथम प्याला कांचन सुन्दर
चमकदार,
माणिक भूषित, बुट्टादार,
पल्लवाधरले विंचुम्बित
मन्दस्मितको मिठास सहित
कर्के दृगपातले उत्तेजित,
काँडा उम्रेको,
प्रलोभक रातो मधुरस कलकल,
पुष्पहस्ता आकर्षिणीले

टक्र्याइन् प्रथम वीरमा
जादूको सनसनी साथ—
"यति सानो घुट्को प्रेमरसको
मधुपान सप्रेम स्वीकृत होस्,
विफल नपाऊँ सत्कारी हात!"
भन्छिन् मन्दस्मिता मुसकान साथ–
"दूरागत महावीरमा स्वास्थ्यपान!"

(२९)

यति मधुर वचनसँग,
ढल्की पुष्पवनिता सदृश
लाग्दा कोमल प्रेम-प्रवात,
मुसकाइ मीठो,
कपोल अलि रंगाई
अघि सार्छिन्
सुन्दरताका नमूना
अबोल दुई हात।

(३०)

प्रहर्षित, पुलकित वीर
कुबेर-सौगात समान
प्याला पक्री भक्ति भावले
लिन्छ नजरमा लालस नजर दी
चढाई तन-मन-प्राण।

(३१)

यसै गरी अरू वीरहरूलाई
सर्सीले दिइन् प्याला,
सब मस्त बने सचित्र प्रेम-मुग्ध,
नजर बने मदवाला,
तर एक वीरले गरेन पान—
प्रतीक्षामा रहे सारा।
मधुर सुन्दर प्याला जब,
सर्सीले चढाइन् आफ्ना मधुर अधरमा,
तब ओठमा पुऱ्याए वीरहरूले सारा।

(३२)

पिइन् सर्सीले चिम्ली नजर,
वीरहरूले धारण गरे सदृश भाव
निमीलित दृग
पिए शराव।

(३३)

ह! ह! ह! ह!
अकस्मात् जादूगर्नी नखरे अट्टाहास साथ
शैयामा लडिबुडि खेलिन्।
"पशु भव, पशु भव" उच्चारण पछि
सबै प्याला पिउँदा वीरहरू
अकस्मात् एकसाथ
चार हात-पयर टेकी चतुष्पाद बने
परिणत भै पशुजात।

(३४)

पोशाक वीरका बने रोमदार पशुकोट,
नङ भए लामा नङ्ग्रा,
पुच्छर टुसाएर नाचे हावामा
सींग उग्र त्यस साथ।

(३५)

दाह्री बोकेदाह्री बनको वीर
सर्सीको विहसित मुख हेरी—
भ्याँ-भ्याँ गर्दछ
सतृष्ण नजर।
अनी सर्सीले हात ठटाइन् हाँसी—
आयो घाँस,
घाँस चपाउन थाले
वीर प्रेममुग्ध।

(३६)

कोही बने शूकर रूप,
कोही बने ऊनदार भेडा,
बटारिएका शृङ्गले सुन्दर
पशु परिणत वीरहरू सब लागे पछि सर्सीको,
जब स्यू-स्यू उच्चारण गरी
ती हिंडिन लीलावती
घँस्याइलो मैदान तिर
चराउन ती चतुष्पाद।

(३७)

पछि ल्याई एक खोरमा पसाइन्
वीर पशु सारा;
अनि गीत गाइन् यसरी,
"पुरुष पशु हो, पशु हो दुर्बल,
दुर्बल पशु हो चतुष्पाद।
काम परिणत पशुरूप हो
केवल जनावर बेयाद।
शृङ्ग उसको मस्तिष्क-शक्ति
हान्दछ आफू-आफू लडी,
पुच्छर उसको विचलित मिजाज,
खस्रो, धस्रो काम कर्कश
पशुता हेरन उसको आज!
स्त्री-रूप–विहारी चपाँउछ
चतुष्पाद रे केवल घाँस।
ए सर्सी, ए जादूगर्नी
तेरो जादू असीम छ—
हेर यी चरेका पशु;
हाँस्, हाँस्।"

(३८)

१. ↑ ग्रीसेली पुराण अनुसार Ææa टापूमा बस्ने जादूगर्नी। युलिसिस त्यस टापूमा ओर्ले पछि उनले तिनका सारा योद्धा-साथीहरूलाई हाँस बनाएकी थी। मर्करीले दिएको 'मोली' भन्ने जडीद्वारा युलिसिसले त्यसको जादू मारे र आफ्ना साथीहरूलाई फेरि मान्छे नै तुल्याइ फर्काएर ल्याए। देवकोटाले यस प्रसंगमा केही परिवर्तन गरेका छन्, जो आउने पंक्तिहरूबाट थाहा हुनेछ।

# चौथो खण्ड

ती महावीर पशुहरू
खोरमा रहनथाले तब।
जब-जब सर्सी आई बोलाउँथिन्,
तब-तब देख्थे महान् आत्मगौरव
हेर्न पाई अप्सरा मुहार,
सुन्न पाई शब्द-मिठास।
आज्ञानुसारी अनुसरण पिपासु
चर्थे अमृत संझी घाँस।

(१)

भेडो भन्थ्यो मनमन—
"सर्सी प्रकृति सुन्दरी, अमित सुन्दरी
मलाई दिन्छिन् जीवन, जीवन!
कोमल शस्य मधुमय, मधुमय,
अहा! घाँस चपाउनु उनको आज्ञामा
अहा! पाउनु जीवन धन!"

(२)

"यो रोमदार चर्मकोट,

यो चाँदीको सुन्दर ऊन,
यो हान्ने हतियार मजाको
सर्वजेता बाङ्गो सीङ,
धन्य, धन्य !
यो हर्षोद्दोलक
भाव-संकेतक शुभ पुच्छ,
चार पयरले चल्ने मिठास,
धन्य, प्रशंसित रोम-गुच्छ !
धन्य, यो मेषको जीवन !
कति मीठो अन्तर्नाद मेरो
भ्याँ ! भ्याँ ! भकार यकार !
चपाउनु अमृत-रस उर्वरामा,
सर्सी देवीले दिएकी;
कति मधुर रस
मधुर उनको व्यवहार !
यो आनन्दमय, संघर्षहीन
शस्य राजको शान्ति !
यहाँ मेटिए सब सभ्य-कुसभ्यका
घर्षात्मक चित्त-भ्रान्ति !"

(३)

"हे महादेवी !
धन्य तिमी छौ,
जो भेडो बनाउँछौ हामीलाई;
धन्य छ तिम्रो यो
शस्य-प्रशस्त राज !

आनन्द दगुर्दछ सकल नशामा,
जतै तिम्रो अम्लान यौवनको
दर्शन गर्दछ
हाम्रो मेष समाज।"

(४)

तर भेडो वीर भुल्दथ्यो अरु कुरा,
दूर घर,
प्रबन्ध समाजको सारा,
कुइरा भावहरूले उकासेको
पूर्वजन्मका मिर्मिरे झझल्का
सपना जस्ता लाग्थे।

(५)

तर यो सब भावना
अन्तस्तलमा अचेत,
अर्द्धस्फुरित र अनुच्चारित थिए,
भेडो भावको
प्रधान बाह्य-चेतनाका ध्वनिमा,
"भरपूर छ जीवन यहाँ!"
भन्दै बोल्थ्यो भ्या! भ्या!

(६)

जब सर्सी आँउथिन् सुन्दरी
रेशम झिल्मिल्,
ती भेडा नजरहरू

सतृष्ण, सप्रेम
उत्थित हुन्थे प्रेम-सजल;
धन्य-भावनामा चुर्लुम्म डुबेर
भन्थे—
"क्या जीवन दियौ,
सुन्दर, सुन्दर!"

(७)

एक बुज्रुग बोके वीर,
गन्हाउँदो साँडे
बाँ-बाँ गर्दै आयो वरीपरी
उफ्री देखाई आत्म-बलको गौरव
वीरता-प्रदर्शक महापुरुष सदृश,
तर अर्को रह्यो
के-के अनौठा भावहरूको प्रवाहहरूमा
झोक्री, जिङ्ग्री।

(८)

शूकर महावीर आफैंमा मस्त;
नालीमा गई लेटी रहन्थ्यो,
गन्धमय अन्न-गौरव संझन्थ्यो।
उ पनि भन्थ्यो—
"धन्य यो जीवनदान,
सर्सी देवीको वरदान!
जसले जीवन रहन्छ स्वस्थ, प्रकृत,
त्यही उत्तमोत्तम खाद्य र पान

जो दिन्छिन् सर्सी देवी नगरी त्यसको हेंला
राख्दछु त्यसैले प्राण।"
जिउनु स्वर्ग, मर्नु नरक,
हुनुनै सर्व जाति उत्थान।

(९)

अर्को महावीर गधा
थियो झन् आफूमा मस्तराम
अरू सबैलाई संझन्थ्यो मूर्ख
महामूर्ख
र प्रसंशा गर्थ्यो
आफ्नै रूपको खूब।
ही ही ही ही, ह ह ह ह!
ही ही ही ही, ह ह ह ह!
हँस्सी गर्थ्यो सबको मान
महाशब्दले राखी आत्मसम्मान
घाममा उभ्भिन्थ्यो सूर्य हुँदा उदीयमान।
आलस्य-विलासी भन्थ्यो—
"नशाको रमरम जीवन,
घाँस व्यंजन।"
आत्म-तरङ्गमा बेहोशी बनेर
फेरि झोक्रिन्थ्यो—
"गधा! गधर्षि म, वाह!
मेरो जीवन वाह! वाह!"

(१०)

यी सब अन्तस्तल स्फुरित
भावहरू गर्थे काम ।
मानव आच्छादित हुन्छ
पूर्वजन्मका मिर्-मिर् संस्कारद्वारा,
तर प्रकृति-भावमा पशुहरू हुन्छन्-
आत्मचेता, जीवनानन्दी,
स्वास्थ, संतुष्ट,
पराक्रमणले रुष्ट,
पोथी प्रेमी,
यूथचेता, संघर्षी,
अन्ध भविष्य धनी,
पूर्व निसर्गं वृत्तिको
विकसित यंत्र भएका,
तर ती सहन सक्तैनन्
पराक्रमण, परदमन,
भाग्छन् अतिबल देखी,
अन्दाजी आत्मबल लड्छन् निर्धासंग
बलानुसार लिन्छन् क्षेत्र,
रोगसँग च्याट्ठिन्छन्,
प्रकृति वृत्तितिर
विवर्तनको हुन्छ झुकाउ,
अति ग्रस्त हुँदा मसाङ्ग्रिदै जान्छन्,
झोक्री, झुकी,
आखिर लाचारीमा मर्छन् ।
(११)

वीर बोको घाँसमा रमाइ रहेको
घाममा संचो मानी उग्राइ रह्यो
मस्त भावमा अलि बेर।
उसको मनमा विचार थिएनन् अरू
केवल आनन्द-भाव,
शस्य मधु-रसको आस्वादन गर्थ्यो
बंगारा चलाउँदै,
प्रकृति विलास गर्दै
आकस्मिक प्रेरणाले
चट्ट उसले संझ्यो
आफ्नो चर्ने ठाउँमा पराक्रमण;
अर्को वीर बोको चर्थ्यो उहीं
जहाँ चर्ने गर्थ्यो उ,
उ झट्पट् उठ्यो शृङ्ग चंख,
गई हान्यो दोस्रोलाई शृङ्गपुटमा–
ढ्याक्क! ढ्याक्क!

(१२)

शस्य-विलासी
आथेन्स नगरीदेखी सुदूर
महाध्येय विस्मृत
पशुपरिणत यात्रीहरू
प्रकृत आनन्दमा
भाव विहीन,
खाद्य-विलासी, स्वास्थ्यानुरागी
रोग विरोधी,

सर्सी देवीदेखि अति संतुष्ट हुँदै–
यसरी बसे बहादुर ग्रेसियनहरू।

(१३)

वीणा-वादक अपोलो सवितादेव
स्वचक्रमा हाँसी-हाँसी गीत गाई हिंडे;
डियाना देवी
सांध्य-तारा पछि
पूर्वोद्भासिनी
शिखरारोहिणी,
ज्योति-निषङ्गिनी,
वनचारिणी,
शुक्लाम्बरा
हुन्थिन् उदित;
फेरि द्वितीय शिखरमा पुग्न
ऊषा देवी अरोरा[१]
स्वर्गका हीरा चोरी
ग्रीक पर्वतहरूउपर
जादूको चित्रकारी भर्थिन्–
यसरी अनेकौं दिन आए गए,
तर ग्रीक वीरहरू रहे आफैं मग्न, मस्त।

(१४)

महापशुहरू प्रकृत- प्रेरणामा
बिउँझन्थे रोज शीत-प्रवातमा

कुखुराले प्रभाती बासे पछि।
मिरमिरे हुने बित्तिकै
शीत शस्यमा उभ्भिन्थे
ती शीतस्नात चतुष्पाद।
अनि घाम चढ्दा चर्दथे घाँस,
अनि उग्राँउदै लेट्थे निश्चिन्त,
अनि दिन
लोहित सागरमा पोखिंदा
खोरमा पस्थे विश्रामतृष्णा।
खोरभित्र
सजिला प्रकृत अवस्थामा लेटी
संसारलाई बिर्सी चिम्लन्थे आँखा
साधारण समाजका भद्रपुरुष झैं
निश्चिन्त।

(१५)

१. ↑ ग्रीसली पुराण अनुसार अरोरा देवी सूर्यभन्दा पहिले झुल्केर त्यसको आगमनको सूचना दिन्छन्। तुलनीय–उषा।

# पाँचौं खण्ड

तर महावीर, महासंयमी,
महापुरुष, महामना,
स्वदेशभक्त युलिसिस प्रलोभनविहीन
धेरै दिवससम्म स्वदेश चिन्तामा
प्रबन्ध-कल्पना भर्दै रहन्थे डुङ्गामा
अल्प संख्यक वीरका साथ।
उनी अनिद्र आत्मा
स्वार्थविहीन विहगदृष्टि
प्राचीन जंगली ग्रेसियन तथा सभ्य जातिहरूको
प्रबंध ऐन, थिति र धर्म्मउपर
नित्य गर्थे तर्क—
कसरी सँभालिन्छन् जन सत्यपथमा शिव-मार्गी
वृत्ति-प्रवृत्ति विश्लेषक महापुरुष
सर्ववेत्ता, सर्वप्रबंधक ज्ञान-पिपासु
महाबली।

(१)

धेरै दिवस बिते जब प्रत्युत्तर बिना एक वीरको
निवर्तन साथ,

उनी सचिन्त भ्रूरेखा कुंचित पारेर भन्छन् :
"हे वीर हो ! कहाँ गए भाइहरू ?
पत्ता लगाओ, जाओ !
सबै न जानु, चार जना केवल
चार जना यहाँ रहून् शेष !"

(२)

आज्ञानुसार चार महावीर सशस्त्र चले
उही पुष्प पथमा प्रशंसा गर्दै पुष्प वन,
पुगे उही सुन्दर महलमा कला-विभूषण,
उसै गरी देखे सर्सी विमुग्ध
सुने संगीत, पिए प्याला
चार पयरमा पस्रिए फेरि
परिणत महापशु लाचार ।

(३)

मिर्मिर् मनमा उठ्थ्यो
विद्रोह कता-कता,
तर केवल सींगले हान्थे भाईलाई,
किन-किन च्याँठ उठेर रिसाई ?

(४)

तब युलिसिस महावीर आफैं
बाँकी वीर लिएर उठे,
हिंडे पुष्पपथमा उही सशङ्क ।

(५)

एक वीरले भन्यो–
"अहा ! कति सुन्दर पुष्पोद्यान
फूलहरू मृदुलाधर रंगीन
सजीव वाणी बोल्छन्
हृदयामंत्रक
यो सुन्दर देश हो शायद
डियाना शुक्लाम्बरा कुमारीको
स्वर्गोपवन !
अहा ! यहाँ बसूँ एक छिन,
यो सुगन्थ विलसित स्थलमा
कलामय !"

(६)

सशङ्क महावीर जितकामा
युलिसिसले डाँटे नजरले–
"धुत् कमजोर !
ध्येय दुर्बल के हुन्छ वीर ?
जो एक क्षण ध्येय विस्मृत
पथको बहकाउमा लिन खोज्छ पशु-आराम
भ्रान्त भाव, पथभ्रष्ट ?
प्रतिक्षण सचेततानै हो महावीरता
के गर्न आयौ यहाँ प्रस्थित ?
किन बस्न खोज्यौ दुर्बल ?
ध्रुव ध्येयहीन भावले के मिल्दछ सिद्धि ?
यो मादकता दुर्बल प्रकृतिको अन्यमनस्कता !

संभू, धारणनै हो महाप्रतिभा–
महाधी ध्रुवस्मृति
पूर्वध्येय अच्युत हुनु,
महापुरुषको महापथ हो।
वीर!
न बन विचलित उद्भ्रान्त,

आत्मघात हो
पूर्व प्रतिज्ञा भंजनको क्षण।
के हाम्रा ग्रेसियन् देहाणु, भावाणुहरू
व्यर्थीकृत गिरुन् दुर्बल,
समस्त अणु-शक्ति एकाक्षर ध्येय विहीन?
धुत् दुर्बल वीर!
के उच्चारण गऱ्यौ बेशर्म?
निरुत्तरदायी क्षण हो
शरमको इतिहास,
कमजोर!
अझ युलिसिस महावीरसँग पथगामी तिमी
वीर पथ बुझ्दैनौ महान्?
यो प्रलोभन हो पथको,
यो पुष्पसुवासित भ्रम!
पहाडदेखि तर्सी पथमा
बज्रिन चट्टानसँग वक्षोन्नत
के पसूँ कुसुमबाटिका यो क्षण?
दुर्बल प्रलोभित!
हामी स्वदेश खेवैया आत्मबलीको

यस्तो निर्लज्ज आलस्योद्‌गार ?
भाईहरू विलीन दशामा
छन् विदेशमा भ्रान्त
के यो पथको पुष्प-विलास हो ध्येय ?
महाध्येयीले प्रलोभनबाट पर्दछ बच्नु,
बाटाका पुतली हुन् यी फूल ?
भ्रान्त रंगले, गन्धले प्रकृतिमा
आत्मचेतनहीन हुनु के महावीरता हो ?
बस ! चुप !
म सहन्न अलसोच्चारण !

(७)

हामी अन्वेषणमा छौं पथभ्रान्त
परद्वीपमा विलीन
के हामी आजीवन यी कदम बनाऊँ थकित
वा अल्छी,
ध्येयहीन
ही ! ही ! ही ! ही !
ग्रेसियन् वीर अझ युलिसिसको पथ बुझ्दैनन्;
महाध्येय ध्रुव निरालस
अस्थगित प्रकृतिविजय ज्ञानपिपासु आत्माको
मृत्युञ्जय अनंतबली
न विचल,
विचाल आत्मघात हो ।

(८)

सुन्दरता ए दुर्बल वीर!
शान्तक्षणको विलास हो
अधिक शक्तिको अल्पव्ययको लहडबाजी
सुन्दरता प्रलोभन हो मार्गमा;
बहकावट;
सुन्दर उपासना
ध्रुव शिव सत्यले मात्र
छ नित्य समर्थित,
नत्र सुन्दर केवल क्षयको कारण,
भ्रम-सिर्जन।
सुन्दरताको उपहासले
प्रकृति-ध्येय वक्र गराउने मात्र हो।

(९)

म डराउँछु वीर!
यी पुष्पका सुन्दरतादेखि,
यी महाजाल हुन् यस द्वीपका
जहाँ हराए भाइहरू टेकी,
यो द्वीप होइन
यो अन्वेषण क्षेत्र,
यी पुष्प होइनन्
यी भ्रान्ति विकाशक–
जसले गर्दा हराए ती हाम्रा भाइ
त्यसले पार्छ मलाई झन्-झन्
सशङ्क, संत्रस्त, उदास।

(१०)

कति दुर्बल तिम्रो-आत्मा
ध्येय विस्मृत
भावविहीन,
शङ्काशून्य तिनै वस्तुहरूमा
जहाँ छ आत्म-प्रलोभन
त्यहीं गर्छौं यस्तो उच्चारण नवीन;
म डराई रहेछु यी फूलदेखि
यिनको अति सुन्दरता,
अति माधुर्य,
अति सजीव विकास!
उफ्! हाम्री साधारण प्रकृतिलाई
जसरी गर्छ, प्रभाव,
त्यही विशेषता त भयंकर छ
कसरी हिंडे होलान् यो पथमा
हाम्रा भ्रातृवर्ग
प्रलोभित दुर्बल वीर भैं,
तसर्थ यो प्रलोभन छ भयंकर
बाचौं यसबाट।
खै, यो सद्धेयी सद्भावना विकसित
तिमीमा हे दुर्बल!"

(११)

यस्तो उच्चारण सुनी वीर लज्जित वदन
निहुरी चुपलागे,
अनि अरू वीरका हृदयमा पनि

शङ्का सश्रद्ध अनेकौं जागे।

(१२)

जस्तो एक महाद्वीपले हर्छ तिमिर
आर्को सल्काउँदा बन्दैन धमीलो,
त्यस्तै अरू वीरका हृदयमा
सद्‌भाव जगाई
झन् उत्तेजित, उज्वल भए महावीर।

(१३)

गंभीर भयो भाव
चले वीरहरू पुष्प-पथमा
अविस्मृत ध्येय
सुनियो मधुर, मधुर, मधुर संगीत।

(१४)

तब महावीरले भने—
"सुन, हिंड्‌दाहिंड्‌दै वीर हो,
कति अति मधुर छ यो गान,
यसले प्रलोभित भाइहरू
चले होलान् यसैगरी यो उद्यान,
यो जादू स्वरलहरीको
कसले जित्यो होला, वीर
गायिकाको हेर्न मुहार,
भए होलान् हृदय अधीर!
विश्लेषक बन, विश्लेषक बन,

यो संगीत होइन,
हो राक्षसीको जादू,
मीठो श्रवणमा
तर पथभ्रामक,
तीतो फलमा
तर स्वरमा स्वादु!
बच, बच त्यसदेखि जो अत्याकर्षक छ;
ध्येय विचारक, पथको अनुभव भन्छ
यो गाना हो विषधारा बुझ,
यसले बिग्रिनु, भुल्नु छ संभव।"

(१५)

यति वचनसँग सचेत बनाई
महामति
हिंडे पुष्पपथमा अविचलित,
जसरी तथागत
अप्सरा पथमा मार जितेर हिंड्थे।

(१६)

आइपुग्यो महल कलासुन्दर
सर्सी आइन् द्वार,
मुसकाइन्
तर त्यो मुसकानमा देखे
महावीरले महासंहार।

(१७)

अरू वीर तर केही सशङ्क
आकर्षित भए स्वरूप टूनाले।
निमंत्रणा गरिन् प्रवेशको सर्सीले,
अरू लम्के पछि-पछि उनको,
युलिसिस सबभन्दा पछि
आत्मबलको पद प्रसार गर्दै
अवशीकृत काम,
इच्छाशक्ति अचल, र
जिज्ञासु भावले पछि लागे।

(१८)

संगीत सुनाइन् अति मधुर,
वीर अरू झूले ताल-ताल,
युलिसिस महावीर अविचल रहे
विश्लेषण गरी स्वरका जाल-जाल
नखरै पिच्छै अरू कल्पिन्थे,
महावीर झस्की-चस्की रहे मौन।
प्याला आए
अरुले हात लिए,
उनले लिएनन्।

(१९)

मधुर भाषिणी, कोमल कंठी
सर्सी भन्छिन्—
"किन महावीर, अस्वीकृत
मेरो यो क्षुद्र सत्कार?

हा ! म अभागिन !"
कर्के मार्रिन् तब एक कडा
संपूर्ण मोहिनी डाली
महावीर अति त्रस्त रहे
मौन भावमा हृदय उचाली ।

(२०)

"लिनु होस् प्याला, बिन्ति करोड !
कति निष्ठुर पुरुष बनी......"
भन्दाभन्दै चट्ट खसालिन्
योटा जल बिन्दु पनि ।

(२१)

प्रलोभिका सुन्दरीको करका प्याला
करले गर्दा करमा धारे–
महागंभीर युलिसिस महावीरले
मौन भावले,
मनमा चाहिं
महाविष हो भन्ने धारे ।

(२२)

चुमिन् प्याला, उठी बाला
बोलिन्– "मधुर स्वास्थ्यपान !
महावीरहरू ग्रेसियन्,
यसपछि महामधुर गान ।"

(२३)

प्रेरित अकस्मात् अरू वीरले
प्याला उठाइ पिए,
युलिसिस गंभीर थिए;
सर्सी अशङ्क थिइन् सबदेखि
युलिसिसले लिंदा प्याला।
पिउँदा अरूले
"पशु भव! पशु भव!"
बोलिन् मंत्र निराला।

(२४)

युलिसिसको दृष्टि रहेन त्यता,
जादूगर्नी सुन्दरी सर्सी
लोटिन अट्टहास गर्दै,
उता त्यो वीर
चार पयर टेकी बोल्यो—
"भ्याँ-भ्याँ, भ्याँ-भ्याँ!"

(२५)

महाक्रुद्ध महावीर युलिसिस उठे
प्रतापोज्वल महादान्त,
विपुल विलोचन वक्षोन्नत
करवालहस्त प्रक्रान्त।
"यो के राक्षसी?" गर्ज्यो मेघ–
"बदमाश्नी गरूँ तेरो संहार
यस करवालले!"

झिलिक्क बिजुली चम्क्यो हावामा
उन्नत असिको क्रोधाग्निज्वाल–
"मारूँ सुन्दरताकी पिशाचिनी।
अधमा!"
थुर्-थुर् वदन
फट्टिंदो नयन
खुम्चिंदी सर्सी
कायल भइन् डरले।

(२६)

"मारूँ पिशाचिनी अथवा भन्छेस्
कहाँ छन् अरू ग्रीक वीर,
पशु बनाउने दुर्बललाई अधमा
बोल्, छिटो बोल्!
नत्र टुक्रा पार्ला तँलाइ
यस दोधारे खड्गले।"

(२७)

कामी थर्थर्-थर्थर्
सुन्दरताकी पिशाचिनी,
मायाविनी सर्सी
करवालको उग्रज्वाल महाक्रोधले
तर्सी।
उसका शृङ्गार सकल
हराउँदै गए क्षण-क्षण,
धवल कपोल भयो पैशाचिक पीत,

रेशमको सितारे झल्मल् सारी
देखियो सडेको कमलपत्र,
जहाँ सिल्विल् गर्थे कीट।
परिवर्तनकी पुत्तली
अग्निज्वलित अर्द्ध-मर्त्य सरी
खुम्चिंदौ पिशाचिनी
बाउन्ने भई।

(२८)

बोली कामी त्रास सदृश–
"महावीर, क्षमा गर मेरो कसूर!
यो दुर्बल वीरहरूको भूल
प्रलोभित मनको स्पष्टीकरण
पशुता-प्रदर्शनको मूल
जनावर जो छ जस्तो
उस्तै दर्शाउने मेरो व्यापार।
महावीर, मलाई देवहरूले राखे यही काममा,
क्षमागर मेरो अपराध।
अथवा केवल कर्म्मको सार,
पशु बनाई राखेकी छु मैले
खोरमा संपूर्ण ग्रेसियन महावीर।
ती नररूप लिनेछन् छर्के पवित्र-जल
महासागरको धर्म्मधीर!"

(२९)

यति भनी सर्सी अगाडी लागी

देखाई सब खोर;
पशु परिणत
साथका तीन वीर पनि पछि लागे।
नर-रूप ग्रहण गर्न अधीर।

(३०)

तब पशुरूप देखाई
बोली सर्सी—
"यस्ता हुन्छन् वीरहरू अजितकाम
जनावरका एक-एक स्वरूप,
नरको यो पशुता
व्याप्त छ लोकभरी,
जो रहन्छ हर घडी सक्रिय
नरका अन्तर-क्षेत्रमा, महावीर!
क्रुद्ध नहुनोस्,
यही हो संसार!
यही पुरुष-स्वरूप अधीर
भेडा छन् कोही,
कोही बोका डुङ्ग गन्हाउने,
कोही गर्दभ-रूप,
विषाण-पुच्छयुक्त,
संसारी बल-विद्या अनुरूप।
यी मेष बथान दुर्बल,
शस्यचर,
प्रकृत-वृत्तिधारीलाई
नर-रूप दिने,

तिमी जस्ता जितकामा, प्रताप, उदार
महावीरले युग-युगमा
पशुलाई पुरुष बनाई
दिन्छन् बिचर्न पृथिवीमा
मानवोचित पथ।"

(३१)

यति बोली
गत धौता,
जादू विस्खलिता,
असफला,
महावीरत्रस्ता सर्सी
चूप रही।

(३२)

युलिसिस महाप्रतापीले
जल-चर्म्मपात्र निकाले–
"ॐ नर भव! नर भव!"
मंत्रोच्चारण साथ
पयोधिको सलिल अफाले,
पशुहरू तत्क्षण
निज-निज रूप धारी
नर भए
सर्सी बादल झैं
हावाको एक झोकाले
पुगी कहाँ-कहाँ सागर पारी।

(३३)

मुखको घाँस लाजले गर्दा झट्पट्
दुई हातले पन्छाई
वीरहरू मुखामुखगरी हेर्थे
आफू-आफूलाई।

(३४)

तब महावीरले डाँटे–
"धुत्, दुर्बल हो पथ-भ्रान्त,
अविजित पशुता,
लाज छैन तिमीलाई!
ग्रेसियन वीर यति दुर्बल,
एक सुन्दरताकी मायाविनीले
पशु पारिदिई निष्फल,
तर अनुभव वीर हो,
आत्माको विद्यालय हो
बुझ्यौ अब महाध्येय-पथीले
पथको गर्नु पर्दछ
कस्तो अनुचार!"

(३५)

"डुङ्गा महासागरमा छ
पशु हो चल,
बन स्वदेशका खेवनहार,
दमन गर काम,

दमन गर पशुता,
जसले गर्दछ
मानवताको संहार !"

(३६)